
नेपालको संविधान
CONSTITUTIONS
OF
NEPAL
लोकसेवा PDF नोटहरू
@लोकसेवा साथी

लोकसेवा साथी

20 81

LOKSEWA SATHI

# नेपालको संविधान

* संविधानको वर्गीकरण
  - → लिखित संविधान (अमेरिका, फ्रान्स, नेपाल आदि देशमा रहेको)
  - → अलिखित संविधान (बेलायतको संविधान)
  - → कठोर संविधान (संशोधन वा परिवर्तन गर्न कठिन)
  - → परिवर्तनशील संविधान (साधारण बहुमतद्वारा संसोधन)
  - → विकसित संविधान (समय सापेक्ष बनाउँदै लैजाने)

[शुत्र :- लिअक पवि]

* नेपालको संवैधानिक विकास

→ नेपालमा हालसम्म जारी भएको संविधान - ७ वटा
→ लागु भएको संविधान - ६ वटा
→ कार्यान्वयनमा नआएको संविधान - नेपाल सरकारको वैधानिक कानुन २००४ (पहिलो संविधान)
→ संविधान देशको मुल कानुन हुने
→ संविधानसँग बाझिने अन्य कानुनहरू स्वत निष्क्रिय हुने

## १. नेपाल सरकारको वैधानिक कानुन-२००४

→ राणा प्रधानमन्त्रीको अधिकारलाई पूर्ववतजस्तै यथावत राखिएको संविधान
→ नेपालको पहिलो संविधान
→ लागु नभएको एकमात्र संविधान
→ संविधान निर्माणका लागि भारतबाट ल्याइएका व्यक्तिहरू - श्री प्रकाशराम उग्र सिंह र रघुनाथ सिंह

लोकसेवा साथी

→ यस संविधान अनुसार जम्मा ६ भाग ६८ धारा र १ अनुसुची रहेको
→ प्रधानमन्त्री पद्म शमशेर द्वारा घोषणा गरिएको
→ घोषणा मिति :- वि.स. २००४ माघ १३
→ अपेक्षित योजना मिति :- वि.स. २००५ वैशाख १
→ निशुल्क अनिवार्य प्राथमिक शिक्षाको व्यवस्था गरिएको

## २. नेपालको अन्तरिम शासन विधान - २००७

→ नेपालमा लागु भएको पहिलो संविधान
→ निष्पक्ष कर्मचारी नियुक्तिका लागि लोकसेवा आयोगको व्यवस्था गरिएको
→ महालेखा परिक्षक र निर्वाचन आयोगको व्यवस्था
→ घोषणा मिति :- २००७ फागुन ७
→ यस संविधानमा ७ भाग ७२ धारा र ४ परिच्छेद रहेको
→ पुर्ण रुपमा लागु मिति - वि.स. २००७ चैत्र २९
→ राजा त्रिभुवनद्वारा जारी गरिएको
→ व्यवस्थापिका र सल्लाहकार सभाको व्यवस्था
→ सर्वोच्च न्यायिक निकायका रुपमा प्रधानन्यायलय रहने
→ ६ पटक सम्म संशोधन भएको
→ यस संविधानको मस्यौदा भारतमा तयार पारिएको

## ३. नेपाल अधिराज्यको संविधान - २०१५

→ जारी मिति : वि.स. २०१५ फागुन १, राजा महेन्द्र
→ पुरोटै लागु भएका धारा - ७३ र ७५
→ मस्यौदा समिति - ५ सदस्य रहेका भगवती प्रसाद सिंहको (२०१४ चैत ३) अध्यक्षतामा बेलायतबाट संविधानविद् सर आइभर जेनिङ समेत रहेका

→ अन्य धारा भने २०१६ बाट लागु भएका
→ यहि संविधानको आधारमा वि.स २०१५ फागुन ७ मा प्रथम आम निर्वाचन भएको
→ यस संविधानमा १० भाग ७७ धारा र ३ अनुसुचि रहेको
→ खारेजी : वि.स २०१९ पौष १, राजा महेन्द्र बाट

## ४. नेपालको संविधान - २०१९

→ घोषणा मिति :- वि.स २०१९ पौष १, राजा महेन्द्र
→ ऋषिकेश शाहको अध्यक्षमा वि.स. २०१९ वैशाख २६ मा गठित ६ सदस्य समितिले तयार पारेको
→ प्रजातान्त्रिक पद्धति विपरितको संविधान
→ दलमाथी प्रतिबन्ध र जनभावना विपरित आएको संविधान
→ यस संविधानलाई तिन (३) पटक सम्म संसोधन गरिएको
पहिलो - वि.स. २०२३ माघ १४
दोस्रो - वि.स. २०३२ मंसिर २६
तेस्रो - वि.स २०३६ पौष १
→ जन्मसिद्ध र अङ्गीकृत गरी २ किसिमको नागरिकता दिने
→ यस संविधानमा २० भाग ९७ धारा र ६ अनुसुची रहेको

## ५. नेपाल अधिराज्यको संविधान - २०४७

→ जारी मिति - वि.स. २०४७ कार्तिक २३ शुक्रबार
→ प्रथम जनआन्दोलनको फलस्वरूप बनेको संविधान
→ कृष्णप्रसाद भट्टराईको अध्यक्षयता ११ सदस्य अन्तरिम मन्त्रीपरिषद्ले जारी गरेको
→ यस संविधानमा २३ भाग १३३ धारा र ३ अनुसुची रहेको
→ एक पटक पनि संशोधन नभएको संविधान

→ विशेषताहरू

- संविधान देशको मुल कानुन हुने
- देशको सार्वभौम सत्ता जनतामा निहित हुने
- मौलिक, हक, अधिकार र कर्तव्यको स्पष्ट व्यवस्था
- स्वतन्त्र न्यायपालिका, संवैधानिक निकाय, संवैधानिक परिषद र राष्ट्रिय शुरक्षा परिषद आदिको व्यवस्था
- राजनितिक दल सम्बन्धी व्यवस्था (५% महिला उम्मेदार)
- मृत्युदण्डको सजाय हुने गरि कानुन नबनाउने

## ६. नेपालको अन्तरिम संविधान - २०६३

→ जारी मिति - वि.स. २०६३ माघ १

→ दोस्रो जनआन्दोलनको फलस्वरूप राजनितिक दलको सामुहिक प्रयासबाट बनेको संविधान

→ नेपालको म्याग्नाकार्टीको रूपमा पनि चिनिने

→ लक्ष्मणप्रसाद अर्यालको संयोजकत्वमा १६ सदस्य समिती द्वारा मस्यौदा तयार गरि वि.स. २०६३ भदौ ९ गते सरकार माओवादी वार्ता टोलीसमक्ष बुझाएको

→ संसोधन -

→ विशेषताहरू :-

- जनताबाट घोषणा भएको पहिलो संविधान
- गणतन्त्रको स्थापना
- धर्म निरपेक्षता
- सार्वभौम सत्ता र राजकिय सत्ता नेपाली जनतामा निहित
- राष्ट्रध्यक्षको रूपमा राष्ट्रपतिको व्यवस्था
- व्यवस्थापिकाको काम ६०१ जना सदस्य रहेको संविधानसभा बाट गरिने
- राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक अङ्गको

लोकसेवा साथी

रुपमा मान्यता

- प्रधानसेनापतिको नियुक्ति सरकारको सिफारिसमा राष्ट्रपतिले गर्ने
- जुनसुकै अदालत अथवा निकायले दिएको सजायलाई सरकारको सिफारिसमा राष्ट्रपतिले माफि, परिवर्तन वा कम गर्न सक्ने
- राष्ट्रिय महत्वको बिषयमा जनमत संग्रह गर्न सकिने

# ८. नेपालको संविधान

→ जारी मिति - वि.स. २०७२ असोज ३, राष्ट्रपति रामवरण यादव द्वारा

→ संविधान सभाले निर्माण गरेर जारी गरेको नेपालको पहिलो संविधान (३५ भाग, ३०८ धारा, ९ अनुसुचि)

→ संसोधन - २ पटक
  → पहिलो (२०७२।११।१६)
   - धारा ४२, ८४ र २८६
  → दोस्रो (२०७७।०३।०४)
   - अनुसुचि ३ (नेपालको निसान छाप)

→ असंशोधनीय विषयहरु :
  → जनतामा निहित सार्वभौम सत्ता
  → नेपालको सार्वभौमिकता
  → भौगोलिक अखण्डता
  → स्वाधीनता

→ संविधानको पक्षमा मतदान गर्ने सभासद - ५०७
→ संविधानको विपक्षमा मतदान गर्ने सभासद - २५
→ संविधानको मुल प्रतिमा हस्ताक्षर गर्ने सभासद - ५३७
→ संविधानको प्रक्रिया वहिस्कार गर्ने सभासद - ५८

लोकसेवा साथी

→ संविधान जारी (२०७२) - वि.स. २०७२ असोज ३

→ संविधानको प्रमाणिकरण - वि.स. २०७२ असोज १

→ संविधान विधेयक पारित - वि.स. २०७२ भाद्र ३० 

→ संशोधन प्रस्तावमा मतदान सुरू - वि.स. २०७२ भाद्र २७

→ परिमार्जित संविधानको मस्यौदामा संसोधन प्रस्ताव दर्ता - वि.स. २०७२ भाद्र १३-१९

→ वार्ताका लागि संशोधन प्रस्ताव मतदान स्थगित - वि.स. २०७२ भाद्र २५-२६

→ परिमार्जित विधेयक तयार - वि.स. २०७२ भाद्र ६

→ ७ प्रदेशको सीमांकनमा प्रमुख दलको सहमति - वि.स. २०७२ भाद्र ४

→ ६ प्रदेशको सीमांकनमा ४ दलबीच सहमति - वि.स. २०७२ श्रावण २३

→ संविधान मस्यौदामा जनताको सुझाव संकलन - वि.स. २०७२ असार २४ - श्रावण ५

→ संविधानको पहिलो एकिकृत मस्यौदा निर्माण - वि.स. २०७२ असार १७

→ नयाँ संविधानको प्रारम्भिक मस्यौदा तयार - वि.स. २०७२ असार १४

→ ४ दलबिच १६ बुँदे सहमति - वि.स. २०७२ जेठ २५

→ दोस्रो संविधान सभाको पहिलो बैठक - वि.स. २०७० माघ ८

→ दोस्रो संविधान सभाको निर्वाचन - वि.स. २०७० मंसिर ४

→ पहिलो संविधान सभाको अवसान - वि.स. २०६९ जेठ १४

→ पहिलो संविधान सभाको पहिलो बैठक - वि.स. २०६५ जेठ १५

→ पहिलो संविधान सभाको निर्वाचन - वि.स. २०६४ चैत्र २८

→ अन्तरिम संविधान २०६३ जारी - वि.स. २०६३ माघ १

→ विस्तृत शान्ति सम्झौता - वि.स. २०६३ मंसिर ५

लोकसेवा साथी

## *नेपालको संविधान (२०७२) को संक्षिप्त झलक

### भाग-१ : प्रारम्भिक

→ यो संविधान देशको मुल कानुन हुने र यस सँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुने - धारा १ (१)

→ संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुने - धारा १ (२)

→ नेपालको सार्वभौम सत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहने - धारा २

→ नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा व्याख्या गरिएको

→ नेपालको संविधानको धारा ३ मा राष्ट्र, धारा ४ मा नेपाल राज्य र धारा ५ मा राष्ट्रिय हित बारे उल्लेख गरिएको

→ नेपालमा बोलिने सम्पुर्ण मातृभाषा राष्ट्रभाषा हुने - धारा ६

→ देवनागरी लिपिमा लेखिने नेपाली भाषा सरकारी कामकाजको भाषा हुने - धारा ७

→ नेपालको संविधानको धारा ८ मा राष्ट्रिय झण्डा र धारा ९ मा राष्ट्रिय गानको बारेमा व्याख्या गरिएको

### भाग २ : नागरिकता

→ कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित नगरिने - धारा १० (१)

→ नेपालमा प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको - धारा १० (२)

→ वंशीय आधार तथा लैंगिक पहिचान सहितको नागरिकता - धारा १२

→ संविधानको १३ मा नागरिकताको प्राप्ति, पुन: प्राप्ति र समाप्ती सम्बन्धी व्यवस्था रहेको

→ संविधानको धारा १४ मा गैरआवासिय नेपाली नागरिकता सम्बन्धि व्यवस्था रहेको

→ विदेशि मुलुकको नागरिकता प्राप्त गरेको, सार्क राष्ट्र बाहेक अन्य मुलुकमा बसोबास गरेको साविकको वंशज वा जन्मको आधारमा निज वा निजको बाबुआमा वा बाजेबजैले नेपालको नागरिकता प्राप्त गरि हाल अन्य मुलुकमा बसेको व्यक्तिलाई सामाजिक, आर्थिक र सास्कृतिक अधिकार प्रयोग गर्ने गरी प्रदान गरिने नागरिकता नै गैरआवासिय नेपाली नागरिकता हो।

→ संविधानको धारा १५ अनुसार नेपालको नागरिकता सम्बन्धि अन्य व्यवस्था गरिएको

→ नागरिकताका प्रकार

१. वंशज
२. अंगिकृत
३. सम्मानार्थ
४. गैरआवासीय

## भाग-३ : मौलिक हक र कर्तव्य

→ नेपालको संविधान अनुसार धारा १६ देखि ४६ सम्म ३१ वटा मौलिक हकको व्यवस्था गरिएको

धारा
→ १६ - सम्मानपूर्वक बाँच्न पाउने हक
→ १७ - स्वतन्त्रताको हक
→ १८ - समानताको हक
→ १९ - सञ्चारको हक
→ २० - न्यायको हक
→ २१ - अपराध पिडितको हक
→ २२ - यातना विरुद्धको हक

लोकसेवा सारथी

→२३ - निवारक नजरबन्द विरुद्धको हक

→२४ - छुवाछुत भेदभाव विरुद्धको हक

→२५ - सम्पतिको हक

→२६ - धार्मिक स्वतन्त्रताको हक

→२७ - सुचनाको हक

→२८ - गोपनीयताको हक

→२९ - शोषण विरुद्धको हक

→३० - स्वच्छ वातावरणको हक

→३१ - शिक्षा सम्बन्धि हक

→३२ - भाषा तथा संस्कृतिको हक

→३३ - रोजगारीको हक

→३४ - श्रमको हक

→३५ - स्वास्थ्य सम्बन्धि हक

→३६ - खाद्य सम्बन्धि हक

→३७ - आवासको हक

→३८ - महिलाको हक

→३९ - बालबालिकाको हक

→४० - दलितको हक

→४१ - जेष्ठ नागरिकको हक

→४२ - सामाजिक न्यायको हक

→४३ - सामाजिक सुरक्षाको हक

→४४ - उपभोक्ताको हक

→४५ - देश निकाला विरुद्धको हक

→४६ - संवैधानिक उपचारको हक

लोकसेवा साथी

* मौलिक हक सम्बन्धि महत्वपुर्ण बिषयहरु

→ कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानुन बनाइने छैन । - धारा १६

→ धारा १७ बमोजिम प्रत्यक नागरिकलाई प्राप्त हुने स्वतन्त्रता

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता

(ख) विना हात हतियार शान्ति पूर्वक भेला हुने स्वतन्त्रता

(ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता

(घ) संघ।संस्था खोल्ने स्वतन्त्रता

(ङ) नेपालको कुनै पनि भागमा आवतजावत गर्ने र वसोवास गर्ने स्वतन्त्रता

(च) नेपालको कुनै पनि भागमा पेशा रोजगार गर्ने र उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता

→ समान कामका लागि लैगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने - धारा १८(४)

→ पैतृक सम्पतीमा लैगिक भेदभाव विना सबै सन्तानको समान हक हुने - धारा १८ (५)

→ कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सुचना नदिई थुनामा राखिने छैन - धारा २० (१)

→ पक्राउ परेको व्यक्तिलाई बाटोको म्यादबाहेक २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने - धारा २० (३)

→ प्रत्यक व्यक्तिलाई निज विरुद्ध गरिएको कार्वाहीको जानकारी पाउने हक हुनेछ - धारा २० (८)

→ कुनै पनि व्यक्तिको विरुद्ध अदालतमा एकै कसुरमा एकपटक भन्दा बढी मुद्दा चलाउन र सजाए दिन नपाइने - धारा २० (६)

→ कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने
- धारा २९ (३)

→ कसैलाई पनि निजको इच्छा विपरित काममा लगाउन नपाइने
- धारा २९ (४)

→ प्रत्यक नागरिकलाई आधारभुत शिक्षामा पहुँचको हक हुने
- धारा ३१ (१)

→ प्रत्यक नागरिकलाई आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निशुल्क हुने
- धारा ३१ (२)

→ प्रत्यक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुने - धारा ३५ (४)

→ कानुन बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बासस्थानबाट हटाइने वा अतिक्रमण नगरिने - धारा ३७ (२)

→ सम्पति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने - धारा ३८ (६)

→ गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुन बमोजिम क्षतिपुर्ति पाउने हक हुने - धारा ४४ (२)

→ धारा ४६ बमोजिम मौलिक हकको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यलेयो संविधान प्रारम्भ भएको तिन वर्ष भित्र कानूनी व्यवस्था गर्ने

→ धारा ४८ - नागरिकका कर्तव्य

(क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु

(ख) संविधान र कानुनको पालना गर्नु

(ग) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु

(घ) सार्वजनिक सम्पतिको सुरक्षा र संरक्षण गर्नु

## भाग – ४ : राज्यका निर्देशक सिद्धान्त, निति तथा दायित्व

→ संविधानको धारा ५० अनुसार राज्यका ४वटा निर्देशक सिद्धान्तहरूको व्यवस्था गरिएको

(क) राजनितिक उद्देश्य
(ख) सामाजिक र सांस्कृतिक उद्देश्य
(ग) आर्थिक उद्देश्य
(घ) अन्तराष्ट्रिय सम्बन्ध

→ संविधान धारा ५१ बमोजिम राज्यको १३वटा नीतिको व्यवस्था गरिएको – धारा ५१ को (क) देखि (ड)

→ संविधानको धारा ५२ बमोजिम राज्यको दायित्व सम्बन्धि व्यवस्था गरीएको

→ संविधानको धारा ५५ अनुसार यस भागमा लेखिएको कुनै विषयमा अदालतमा प्रश्न उठाउन नसकिने व्यवस्था रहेको

## भाग – ५ : राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड

→ नेपालको मुल संरचना संघ, प्रदेश र स्थानिय गरि ३ तहको हुने – धारा ५६ (१)

→ धारा ५७ : राज्य शक्तिको बाँडफाँड (अनुसुचि ५–९ सम्म)

→ धारा ५८ : अवशिष्ट अधिकार (कहीं कतै उल्लेख नभएको अधिकार संघ सरकारले प्रयोग गर्ने)

→ धारा ५९ : आर्थिक अधिकारको प्रयोग

→ धारा ६० : राजस्व स्रोतको बाँडफाड

लोकसेवा साथी

## भाग-६ : राष्ट्रपति र उपराष्ट्रपति

→ नेपालमा एक राष्ट्रपति रहने छ। – धारा ६१ (१)

→ संविधानको धारा ६२ अनुसार राष्ट्रपतिको निर्वाचन सम्बन्धि व्यवस्था

→ राष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले ५ बर्षको हुने – धारा ६३ (१)

→ धारा ६४ : राष्ट्रपतिको योग्यता

(क) संघीय संसद्को सदस्य हुन योग्य भएको

(ख) कम्तीमा ४५ बर्ष उमेर पुगेको

(ग) कुनै कानुनले अयोग्य नभएको

→ दुई पटक राष्ट्रपति निर्वाचित भईसकेको व्यक्ति राष्ट्रपतिको निर्वाचनमा उम्मेदार हुन नपाउने – धारा ६४ (२)

→ संविधानको धारा ६५ बमोजिम राष्ट्रपतिको पद रिक्त हुने अवस्थालाई व्याख्या गरिएको

→ धारा ६६ : राष्ट्रपतिको काम कर्तव्य र अधिकार

→ धारा ६७ : उपराष्ट्रपति

→ धारा ६८ : उपराष्ट्रपतिको पद रिक्त हुने अवस्था

→ धारा ६९ : उपराष्ट्रपति सम्बन्धि अन्य व्यवस्था (उपराष्ट्रको योग्यता, निर्वाचन प्रकिया, पदावधि सम्बन्धी व्यवस्था राष्ट्रपतिको सरह हुने)

→ धारा ७० : राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुने

→ धारा ७१ : राष्ट्रपति र उपराष्ट्रपतिको सपथ

राष्ट्रपति – प्रधानन्यायाधिस समक्ष

उपराष्ट्रपति – राष्ट्रपति समक्ष

→ धारा ७२ : राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा

→ धारा ७३ : राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय

लोकसेवा साथी

# भाग ८ : संघीय कार्यपालिका

- → धारा ७४ : शासकीय स्वरूप
- → धारा ७५ : कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित
- → धारा ७६ : मन्त्रिपरिषद्को गठन
  (प्रधानमन्त्री सहित बढीमा २५ जना)
- → धारा ७७ : प्रधानमन्त्री तथा मन्त्रीको पद रिक्त हुने अवस्था
- → धारा ७८ : संघीय संसद्को सदस्य नभएको व्यक्ति मन्त्री हुने
- → धारा ७८(१) बमोजिम नियुक्त मन्त्रीले शपथग्रहण गरेको मितिले ६ महिनाभित्र संघीय संसद्को सदस्यता प्राप्त गर्नु पर्ने — धारा ७८ (२)
- → धारा ७९ : प्रधानमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा
- → धारा ८० : सपथ
  (प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्रीले राष्ट्रपति समक्ष तथा राज्यमन्त्री र सहायक मन्त्रीले प्रधानमन्त्री समक्ष)
- → संविधानको धारा ८१ अनुसार प्रधानमन्त्रीले देहायका विषयहरूमा राष्ट्रपतिलाई जानकारी गराउनु पर्ने
  (क) मन्त्रीपरिषद्को निर्णय
  (ख) संघीय संसद्मा पेश गरिने विधेयक
  (ग) खण्ड (क) र (ख) मा उल्लिखित विषयमा राष्ट्रपतिले जानकारी मागेको अन्य आवश्यक तिवरण
  (घ) नेपालको समसामयिक परिस्थिति र वैदेशिक सम्बन्धको विषय
- → धारा ८२ : नेपाल सरकारको कार्य सञ्चालन

## भाग ८: संघीय व्यवस्थापिका

→ प्रतिनिधि र राष्ट्रिय सभा नामका दुई सदन सहितको एक संघीय व्यवस्थापिका हुनेछ जसलाई संसद भनिनेछ।
- धारा ८३

→ धारा ८४: प्रतिनिधि सभाको गठन

→ धारा ८५: प्रतिनिधि सभाको कार्यकाल

→ धारा ८६: राष्ट्रिय सभाको गठन र सदस्यहरुको पदावधि

→ धारा ८७: सदस्यका लागि योग्यता

→ धारा ८८: सपथ

→ धारा ८९: स्थानको रिक्तता

→ धारा ९०: सदस्यका लागि अयोग्यता सम्बन्धी निर्णय

→ धारा ९१: प्रतिनिधि सभाको सभामुख र उपसभामुख

→ धारा ९२: राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष

→ धारा ९३: अधिवेशनको आव्हान र अन्त्य

→ धारा ९४: गणपुरण संख्या (एक चौथाई)

→ धारा ९५: राष्ट्रपतिबाट सम्बोधन

→ धारा ९६: उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीले दुवै सदनमा भाग लिन पाउने

→ धारा ९७: समितिको गठन

→ धारा ९८: सदस्यको स्थान रिक्त रहेको अवस्थामा सदनको कार्य सञ्चालन

→ धारा ९९: मतदान

→ धारा १००: विश्वास र अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था

→ धारा १०१: महाभियोग

→ अनाधिकार उपस्थित भएमा वा मतदान गरेमा सजाय - धारा १०२

लोकसेवा साथी

→ धारा १०३: बिशेषाधिकार
→ धारा १०४: कार्य सञ्चालन विधि
→ धारा १०५: बहसमा बन्देज
→ धारा १०६: संघीय संसदको महासचिव र सचिव
→ धारा १०७: संघीय संसदको सचिवालय
→ धारा १०८: पारिश्रमिक

## संघीय संसद

| प्रतिनिधि सभा (२७५ जना सदस्य) | राष्ट्रिय सभा (५९ जना सदस्य) |
|---|---|
| → प्रत्यक्ष निर्वाचित – १६५ | → एउटा प्रदेशबाट ८ जनाको दरले – ५६ जना |
| → समानुपातिक – ११० | → सरकारको सिफारिसमा राष्ट्रपति बाट मनोनित – ३ जना |
| → कार्यकाल – ५ बर्ष | → कार्यकाल – ६ बर्ष |
| → उमेर हद – २५ बर्ष | → उमेर हद – ३५ बर्ष |

## भाग-९: संघीय व्यवस्थापन कार्यविधि

→ धारा १०९: संघीय संसदको व्यवस्थापिकीय अधिकार
→ धारा ११०: विधेयक प्रस्तुत गर्ने विधि
→ धारा १११: विधेयक पारित गर्ने विधि
→ धारा ११२: विधेयक फिर्ता लिने
→ धारा ११३: विधेयकमा प्रमाणीकरण
→ धारा ११४: अध्यादेश

लोकसेवा साथी

## भाग-१०: संघीय आर्थिक कार्यप्रणाली

→ धारा ११५: कर लगाउन वा ऋण लिन नपाइने
→ धारा ११६: संघीय सञ्चित कोष
→ धारा ११७: संघीय सञ्चित कोष वा संघीय सरकारी कोषबाट व्यय
→ धारा ११८: संघीय सञ्चित कोषमाथि व्ययभार
→ धारा ११९: राजस्व र व्ययको अनुमान
→ धारा १२०: विनियोजन ऐन
→ धारा १२१: पूरक अनुमान
→ धारा १२२: पेश्की खर्च
→ धारा १२३: उधारो खर्च
→ धारा १२४: संघीय आकस्मिक कोष
→ धारा १२५: आर्थिक कार्यविधि सम्बन्धि ऐन

## भाग-११: न्यायपालिका

→ धारा १२६: न्याय सम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने
→ धारा १२७: अदालतहरू
(धारा १२७ (१) अनुसार नेपालमा, सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी ३ तहको अदालत हुने)
→ धारा १२८: सर्वोच्च अदालत (अभिलेख अदालत)
→ धारा १२९: प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधिशको नियुक्ति र योग्यता
→ सर्वोच्च अदालतमा प्रधान न्यायाधिस सहित बढीमा २१ जना न्यायाधिश रहने
→ प्रधान न्यायाधिश पदमा नियुक्ति हुन सर्वोच्च अदालतको न्याया[illegible] पदमा कम्तीमा ३ बर्ष काम गरेको हुनुपर्ने

लोकसेवा साथी

→प्रधानन्यायधिशको पदावधि - ६ वर्ष

→प्रधान न्यायाधीशको उमेर हद - ६५ वर्ष (अवकाश)

→धारा १३० : प्रधान न्यायाधीश तथा न्यायाधीशको सेवाका शर्त तथा सुविधा

→धारा १३१ : प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीशको पद रिक्त हुने

→धारा १३२ : प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतको न्यायाधीशलाई अन्य कुनै काममा लगाउन नहुने

→धारा १३३ : सर्वोच्च अदालतको अधिकार क्षेत्र

→धारा १३४ : मुद्दा सार्न सक्ने

→धारा १३५ : वहस पैरवी गर्न नपाउने

→धारा १३६ : प्रधान न्यायधीसको जिम्मेवारी

→धारा १३७ : संवैधानिक इजलासको गठन

→धारा १३८ : वार्षिक प्रतिवेदन

→धारा १३९ : उच्च अदालत

→धारा १४० : उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको नियुक्ति र योग्यता

→धारा १४१ : मुख्य न्यायाधीश तथा न्यायाधीशको सेवाका सर्त तथा सुविधा

→धारा १४२ : मुख्य न्यायाधीश वा न्यायाधीशको पद रिक्त हुने

→धारा १४३ : मुख्य न्यायधीश वा न्यायाधीशलाई अन्य कुनै काममा लगाउन नहुने र सरुवा सम्बन्धी व्यवस्था

→धारा १४४ : उच्च अदालतको अधिकार क्षेत्र

→धारा १४५ : मुद्दा सार्न सक्ने

लोकसेवा साथी

→ धारा १४६: बहस पैरवी गर्न पाउने
→ धारा १४७: मुख्य न्यायाधीशको जिम्मेवारी
→ धारा १४८: जिल्ला अदालत
→ धारा १४९: जिल्ला अदालतको न्यायधीसको नियुक्ति, योग्यता तथा पारिश्रमिक र सेवाका अन्य शर्त
→ धारा १५०: जिल्ला न्यायाधीशलाई अन्य कुनै काममा लगाउन नहुने र सक्षता सम्बन्धी व्यवस्था
→ धारा १५१: जिल्ला अदालतको अधिकार क्षेत्र
→ धारा १५२: विशिष्टकृत अदालत
→ धारा १५३: न्याय परिषद्
(प्रधानन्यायाधीशको अध्यक्षतामा ५ सदस्य समिति)
→ धारा १५४: न्याय सेवा आयोग
(धारा १५४(२) अनुसार न्याय सेवा आयोगमा देहाय बमोजिम अध्यक्ष र सदस्यहरू हुने
(क) प्रधान न्यायाधीश – अध्यक्ष
(ख) संघीय कानून तथा न्याय मन्त्री – सदस्य
(ग) सर्वोच्च अदालतको वरिष्ठम न्यायाधीश – सदस्य
(घ) लोकसेवा आयोगका अध्यक्ष – सदस्य
(ङ) महान्यायाधिवक्ता – सदस्य
→ धारा १५५: सेवाका सर्त र सुविधा सम्बन्धी व्यवस्था
→ धारा १५६: प्रदेश न्याय सेवा आयोग सम्बन्धी व्यवस्था
* उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशको उमेरको हद ६३ बर्ष हुने
* उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशको नियुक्ति न्याय परिषद्को सिफारिसमा प्रधानन्यायाधीशबाट हुने

## भाग-१२ : महान्यायाधिवक्ता

→ धारा १५७ : महान्यायाधिवक्ता

→ धारा १५८ : महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

→ धारा १५९ : बार्षिक प्रतिवेदन

→ धारा १६० : मुख्य न्यायाधिवक्ता

→ धारा १६१ : सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था

* महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुने
* महान्यायाधिवक्ताको नियुक्ति प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट हुने
* महान्यायाधिवक्ताको पदावधि प्रधानमन्त्रीले चाहेको अवधि सम्म हुने
* महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने – धारा १६० (१)
* मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने – धारा १६० (२)

## भाग-१३ : प्रदेश कार्यपालिका

→ धारा १६२ : प्रदेशको कार्यकारिणी अधिकार

→ धारा १६३ : प्रदेश प्रमुख सम्बन्धी व्यवस्था

→ धारा १६४ : प्रदेश प्रमुखको योग्यता

→ धारा १६५ : प्रदेश प्रमुखको पद रिक्त हुने अवस्था

→ धारा १६६ : प्रदेश प्रमुखको काम कर्तव्य र अधिकार

→ धारा १६७ : प्रदेश प्रमुखको सपथ (राष्ट्रपति समक्ष)

→ धारा १६८: प्रदेश मन्त्रीपरिषदको गठन

→ धारा १६९: मुख्यमन्त्री तथा मन्त्रीको पद रिक्त हुने अवस्था

→ धारा १७०: प्रदेश सभाको सदस्य नभएको व्यक्ति मन्त्री हुने

→ धारा १७१: मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा अन्य सुविधा

→ धारा १७२: शपथ (मुख्यमन्त्री र मन्त्रीले प्रदेश प्रमुख समक्ष तथा राज्यमन्त्री र सहायक मन्त्रीले मुख्य मन्त्रीसँग)

→ धारा १७३: प्रदेश प्रमुखलाई जानकारी दिने

→ धारा १७४: प्रदेश सरकारको कार्य सञ्चालन

* प्रदेशको कार्यकारिणी अधिकार मन्त्रिपरिषदमा निहित हुने। तर संघीय शासन लागु भएको कारण प्रदेश कार्यकारिणी कायम नरहेमा नेपाल सरकारको निर्देशन बमोजिम प्रदेश प्रमुखले प्रदेशको कार्यकारिणी अधिकार प्रयोग गर्ने
* राष्ट्रपतिले प्रत्यक प्रदेशका लागि एक प्रदेश प्रमुखको नियुक्ति गर्ने
* प्रदेश प्रमुखको पदावधि ५ बर्षको हुने
* एउटै व्यक्ति एक पटकभन्दा बढी एकै प्रदेशमा प्रदेश प्रमुख हुन नपाउने
* प्रदेश प्रमुख हुन ३५ बर्ष पुरा भएको हुनुपर्ने

## भाग-१४ : प्रदेश व्यवस्थापिका

→ धारा १७५: प्रदेश व्यवस्थापिका

→ धारा १७६: प्रदेश सभाको गठन

→ धारा १७७: प्रदेश सभाको कार्यकाल

→ धारा १७८: प्रदेश सभाको सदस्यको लागि योग्यता

→ धारा १७९: प्रदेश सभाको सपथ

लोकसेवा साथी

→ धारा १८०: प्रदेश सभा सदस्यको स्थान रिक्त हुने

→ धारा १८१: प्रदेश सभा सदस्यको अयोग्यता सम्बन्धी निर्णय

→ धारा १८२: प्रदेश सभाको सभामुख र उपसभामुख

→ धारा १८३: प्रदेश सभाको अधिवेशनको आह्वान र अन्त्य

→ धारा १८४: प्रदेश प्रमुखबाट सम्बोधन

→ धारा १८५: प्रदेश सभाको गणपुरक सङ्ख्या (एक चौथाई)

→ धारा १८६: प्रदेश सभाको मतदान

→ धारा १८७: प्रदेश सभाको विशेषाधिकार

→ धारा १८८: विश्वासको मत र अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था

→ धारा १८९: मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीले प्रदेश सभाको बैठकमा भाग लिन पाउने

→ धारा १९०: प्रदेश सभामा अनाधिकार उपस्थित भएमा वा मतदान गरेमा सजाय

→ धारा १९१: बहसमा बन्देज

→ धारा १९२: सदस्यको स्थान रिक्त रहेको अवस्थामा प्रदेश सभाको कार्यसञ्चालन

→ धारा १९३: प्रदेश सभाले समिति गठन गर्न सक्ने

→ धारा १९४: प्रदेश सभाको कार्य सञ्चालन विधि

→ धारा १९५: प्रदेश सभाको सचिव र सचिवालय

→ धारा १९६: पारिश्रमिक

लोकसेवा साथी

* प्रदेशको व्यवस्थापिका एक सदनात्मक हुने जसलाई प्रदेश सभा भनिने
* प्रदेश सभाको सदस्य बन्न २५ वर्ष उमेर पुरा भएको हुनुपर्ने
* अगावै विघटन भएको बाहेक प्रदेश सभाको कार्यकाल ५ वर्षको हुने
* प्रदेश सभाको पहिलो बैठक सुरु भएको मितिले १५ दिन भित्र प्रदेश सभाका सदस्यहरूले आफुमध्येबाट प्रदेश सभामुख र प्रदेश उपसभामुखको निर्वाचन गर्ने

भाग-१५: प्रदेश व्यवस्थापन कार्यविधि

→धारा १९७: प्रदेश सभाको व्यवस्थापिकीय अधिकार

→धारा १९८: प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने विधि

→धारा १९९: विधेयक पारित गर्ने विधि

→धारा २००: विधेयक फिर्ता लिन सक्ने

→धारा २०१: विधेयक प्रमाणीकरण

→धारा २०२: अध्यादेश

भाग-१६: प्रदेश आर्थिक कार्यप्रणाली

भाग-१७: स्थानीय कार्यपालिका

भाग-१८: स्थानीय व्यवस्थापिका

भाग-१९: स्थानीय आर्थिक कार्यप्रणाली

भाग-२०: संघ, प्रदेश र स्थानीय तह बीच अन्तर-सम्बन्ध

लोकसेवा साथी

# संवैधानिक निकाय -१३

भाग-२१ : अख्तियार दुरुपयोग अनुसन्धान आयोग

भाग -२२ : महालेखा परिक्षक (१जना)

भाग -२३ : लोकसेवा आयोग

भाग-२४ : निर्वाचन आयोग

भाग-२५ : राष्ट्रिय मानव अधिकार आयोग

भाग -२६ : राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

भाग -२७ : अन्य आयोगहरु

धारा
- →२५२ -राष्ट्रिय महिला आयोग
- →२५५ - राष्ट्रिय दलित आयोग
- →२५८ - राष्ट्रिय समावेशी आयोग
- →२६१ - आदिवासि जनजाति आयोग
- →२६२ - मधेशी आयोग
- →२६३ - थारु आयोग
- →२६४ - मुस्लिम आयोग

* महालेखा परिक्षक बाहेक अन्य सबैमा ५ जनाको पदाधिकारी हुने
* सबै निकायका पदाधिकारीको पदावधि ६ बर्षको हुने
* राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीको उमेर हद नहुने तर अन्य सबैमा उमेर हद ६५ बर्ष हुने
* लोकसेवा आयोगका पदाधिकारीहरुको शैक्षिक योगपता स्नातकोत्तर उतिर्ण हुनुपर्ने तर अन्यमा स्नातक उतिर्ण

लोकसेवा साथी

* अन्य सबैलाई आयोग भनिने तर महालेखा परीक्षकलाई कार्यालय भनिने ।
* सबै संवैधानिक निकायको पदाधिकारीहरूको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने ।

## भाग-२८ : राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था

→ धारा २६६(१): राष्ट्रिय सुरक्षा परिषद्
(क) प्रधानमन्त्री - अध्यक्ष
(ख) रक्षामन्त्री - सदस्य
(ग) गृहमन्त्री - सदस्य
(घ) परराष्ट्र मन्त्री - सदस्य
(ङ) अर्थमन्त्री - सदस्य
(च) नेपाल सरकारका मुख्य सचिव - सदस्य
(छ) प्रधानसेनापति - सदस्य

→ धारा २६६(२) : रक्षा मन्त्रालयको सचिवले राष्ट्रिय सुरक्षा परिषद्को सदस्य-सचिव भई काम गर्ने

→ धारा २६७ : नेपाली सेना सम्बन्धी व्यवस्था
* राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुने - धारा २६७(२)
* राष्ट्रपतिले मन्त्रीपरिषद्को सिफारिसमा प्रधान सेनापतिको नियुक्ति गर्ने - धारा २६७(५)

→ धारा २६८ : नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल राष्ट्रिय अनुसन्धान संगठन सम्बन्धी व्यवस्था

भाग -२९ : राजनीतिक दल सम्बन्धी व्यवस्था

भाग -३० : संकटकालीन अधिकार - धारा २७३

भाग -३१ : संविधान संशोधन

→ धारा २७४ (१) : नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकुल हुने गरी यो संविधान संसोधन गर्न नसकिने

भाग ३२ : विविध

→ धारा २७५ : जनमत संग्रह सम्बन्धी व्यवस्था

→ धारा २७६ : माफी

→ धारा २७७ : उपाधि, सम्मान र विभूषण
(नेपाल सरकारको स्वीकृति विना कुनै नागरिकले विदेशी सरकारबाट प्रदान गरिने उपाधि, सम्मान र विभूषण ग्रहण गर्न नहुने)

→ धारा २७८ : सन्धि सम्पन्न गर्ने अधिकार (संघले प्रयोग)

→ धारा २८० : राष्ट्रपतिको कार्य गर्ने सम्बन्धी विशेष व्यवस्था

* राष्ट्रपति र उपराष्ट्रपति दुवैको पद रिक्त रहेमा प्रतिनिधि सभाका सभामुखले राष्ट्रपतिको कार्य सम्पादन गर्ने

→ धारा २८४ : संवैधानिक परिषद्

(क) प्रधानमन्त्री - अध्यक्ष
(ख) प्रधान न्यायाधीश - सदस्य
(ग) प्रतिनिधि सभाको सभामुख - सदस्य
(घ) राष्ट्रिय सभाको अध्यक्ष - सदस्य
(ङ) प्रतिनिधि सभाको विपक्षी दलको नेता - सदस्य
(च) प्रतिनिधि सभाको उपसभामुख - सदस्य

लोकसेवा साथी

* संवैधानिक परिषदमा प्रधान न्यायाधीशको पद रित्त रहेको अवस्थामा प्रधानन्यायाधीशको नियुक्तिको लागि सिफारिस गर्दा कानून तथा न्याय मन्त्री संवैधानिक परिषदको सदस्य हुने

भाग -३३ : संक्रमणकालीन व्यवस्था

भाग -३४ : परिभाषा र व्याख्या

भाग -३५ : संक्षिप्त नाम, प्रारम्भ र खारेजी

→ धारा ३०७ (१) यस संविधानलाई नेपालको संविधान भनिनेछ

→ धारा ३०८ : खारेजी
(नेपालको अन्तरिम संविधान २०६३ खारेज गरिएको)

## अनुसुचि

अनुसुचि

→ १ - नेपालको राष्ट्रिय झण्डा (धारा ८ को २)
→ २ - नेपालको राष्ट्रिय गान (धारा ९ को १)
→ ३ - नेपालको निशान छाप (धारा ९ को २)
→ ४ - प्रदेश र सम्बन्धित प्रदेशमा रहने जिल्लाहरू (५६(३))
→ ५ - संघको अधिकार सुचि (धारा ५७(१) र १०९) → (३५ वटा)
→ ६ - प्रदेशको अधिकार सुचि (२१ वटा)
→ ७ - संघ र प्रदेशको साझा अधिकारको सुचि (२५ वटा)
→ ८ - स्थानीय तहको अधिकारको सुचि (२२ वटा)
→ ९ - संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सुचि (१५ वटा)

# नेपालको संविधान विविध

→ नेपालको संविधान अनुसार बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो। - धारा ३

→ नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो। - धारा ४ (१)

→ नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपालीको हक हितको रक्षा सिमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि नेपालको राष्ट्रिय हितका आधारभुत विषय हुने - धारा ५ (१)

→ नेपालको राष्ट्रिय फूल लालिगुराँस, राष्ट्रिय रंग सिम्रिक, राष्ट्रिय जनावर गाई र राष्ट्रिय पंक्षी डाँफे हुने - धारा ९ (३)

→ नेपालको संविधान अनुसार 'खस आर्य' भन्नाले बाहमण, क्षेत्री, ठकुरी र सन्यासी (दशनामी) समुदायलाई चिनिन्छ।

→ जिल्ला सभाले १ जना प्रमुख, १ जना उपप्रमुख, कम्तीमा ३ जना महिला र कम्तीमा १ जना दलित वा अल्पसंख्यक सहित बढीमा ९ सदस्यीय जिल्ला समन्वय समितिको निर्वाचन गर्ने

→ प्रत्यक प्रदेशमा प्रदेश लोकसेवा आयोग रहने - धारा २४४ (१)

→ नेपालको संविधान अनुसार "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा हो।

# Thank You

## FOR CHOOSING US!

We have the great collection great collection of Loksewa PDF notes and  solutions. You can download this notes without any kinds of fee or cost.

CONNECT WITH US
www.loksewasathi.com
info@loksewasathi.com

LOKSEWA SATHI

WE'D LOVE YOUR FEEDBACK!

★ ★ ★ ★ ★